ठाकुरबाबानगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
सैनवार, बर्दिया
प्रदेश नं. ५, नेपाल

भाईब्रेटिङ् रोलर आपुर्ति सम्बन्धी सिलबन्दी बोलपत्रआह्वानको सूचना
(दोश्रो पटक प्रकाशन मिति : २०७४/११/०४गते)

१) यस नगरपालिकालाइ आवश्यक पर्ने तपसिलबमोजिमका उपकरणहरु खरिद गर्नुपर्ने भएकोले सप्लाई गर्न इच्छुक र इजाजतप्राप्तफर्म/कम्पनी/संस्थाले देहायबमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचनाप्रकाशितगरिएको छ ।

२) यो सूचनाप्रकाशितभएको मिति देखि १५ औं दिनको कार्यालय समय सम्ममा यस कार्यालयमा अद्यावधिक नविकरण गरेको व्यवसायदर्ताको इजाजतपत्र, अद्यावधिकफर्म दर्ता प्रमाण पत्र, मू. अ. कर दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर प्रमाण पत्र, आ. व. २०७३/०७४ को कर चुक्ता प्रमाण पत्र वा कर विवरण पेश गरेको प्रमाण पत्र र उत्पादककम्पनीको नेपालमा रहेको आधिकारीकएजेण्ट (Importer) को हकमा उत्पादक कम्पनीबाट यस कार्यालयको नाममा सम्बोधनगरिएको सक्कलै Manufacturer's Authorization Letter तथा अन्यको हकमा नेपालमा रहेको आधिकारीकएजेण्ट (Importer) बाट स्थानिय एजेण्ट (Authorized Dealer)लाई यस कार्यालयमा बोलपत्रखरिद तथादाखिला गर्न अधिकार प्रत्यायोजन गरिएको सक्कलै पत्रनिवेदन साथ पेश गरी नियमानुसार बोलपत्रफाराम दस्तुर (फिर्ता नहुने गरी)बुझाईबोलपत्रफाराम यस कार्यालयबाट प्राप्तगर्न सकिनेछ ।

३) बोलपत्र पेश गर्दा आफुले सप्लाई गर्न चाहेको उपकरणको लागी छुट्टाछुट्टै बोलपत्रखरिद गरी बाहिर खाममा सम्बन्धितउपकरणको विवरण स्पष्ट खुलाई छुट्टाछुट्टै पेश गर्नु पर्नेछ, एउटै खामभित्र एक भन्दा बढि बोलपत्र राखी पेश गर्न पाईने छैन ।

४) खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशितभएको मितिदेखी १६ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भईबोलपत्रदर्ता गराउन सकिने छ ।

५) बोलपत्रफारम साथ जमानतवापतको रकम यस नगरपालिकाकार्यालयको राष्ट्रिय वाणिज्य बैकं,बर्दियामा रहेको खाता नं.४१४०३०३००७१०७ मा दाखिला गरेको सक्कलभौचर वा मान्यताप्राप्त बै·बाट यस कार्यालयको नाममा जारी गरिएको १२० दिन यादभएको जमानीपत्र (विडवण्ड) बोलपत्रसाथ पेश गर्नुपर्नेछ । यसरी पेश गरिने जमानतवापतको भौचर, रसिद वा विडवण्ड यो सूचनाप्रकाशित भएको मिति पछिकोलाई मान्यतादिइनेछ ।

६) दर्ताहुनआएका सिलबन्दी बोलपत्रफारमहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा बोलपत्रदर्ताको अन्तिम समयको १ घण्टा पछि दिनको १:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । फारम खरिद गर्ने वा दाखिलागर्ने दिन सार्वजनिक विदा परेमा उक्तकार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछन् ।

७) प्राप्तबोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएकाबोलपत्रउपर कुनै कारवाही गरिने छैन ।

८) बोलपत्र सम्बन्धीअन्यशर्तहरु बोलपत्रफारममा उल्लेख गरे बमोजिम हुनेछन् ।

९) अन्यकार्यविधिहरु सार्वजनिकखरिद ऐन, २०६३ तथा सार्वजनिकखरिद नियमावली, २०६४ एवं नेपाल सरकारका अन्यप्रचलित कानून बमोजिम हुनेछन ।

१०) अन्य थप केही कुराहरु बुझ्नु परेमा यस नगरपालिका कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ ।

ठेक्का नं.	विवरण	आवश्यक संख्या	बोलपत्रफारम दस्तुर रु.	जमानत रकम
१	Self Propelled, Single Drum Soil Compactor with completely Enclosed ROPS/FOPS operator's cabin, Others are as per approved technical Specification.	थान १ (एक)	३,०००/-	कम्तिमाकबोल अङ्कको २.५० प्रतिशत

प्रमुख प्रशासकिय अधिकृत